बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, कलङ्की
काठमाडौं

# सूचना! सूचना!! सूचना!!!

मिति: २०८३/०६/०९

**विषय: वर्ग A/K को ट्रायल स्थगन तथा अन्य परीक्षा यथावत् रहने सम्बन्धी सूचना।**

यस यातायात व्यवस्था कार्यालय, कलङ्कीबाट सञ्चालन हुने सवारी चालक अनुमतिपत्र (Driving License) को परीक्षा कार्यक्रम अनुसार आज मिति २०८३ साल असोज ०९ गते सञ्चालन हुने तय गरिएको वर्ग 'ए' (A - मोटरसाइकल/स्कुटर) र वर्ग 'के' (K - स्कुटर) को प्रयोगात्मक (ट्रायल) परीक्षा हाल देशभर भइरहेको लगातारको अविरल वर्षा र प्रतिकूल मौसमका कारण परीक्षार्थीहरूलाई पर्न सक्ने असुविधालाई ध्यानमा राख्दै स्थगित गरीएको र उक्त परिक्षा आगामी आइतबार (२०८३/०६/११ गते) सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

साथै, आजै हुने तय भएको लिखित परीक्षा र वर्ग 'बी' (B - कार/जीप/डेलिभरी भ्यान) को प्रयोगात्मक (ट्रायल) परीक्षा पूर्व निर्धारित समय र स्थानमा यथावत् रूपमा सञ्चालन हुने व्यहोरा समेत सूचित गरिन्छ।

लिखित तथा वर्ग 'बी' को ट्रायल परीक्षाका परीक्षार्थीहरूलाई तोकिएको समयमा आफ्नो प्रवेशपत्र र सक्कल नागरिकतासहित उपस्थित हुनुहुन अनुरोध छ।

२०८३/६/९

यातायात व्यवस्था कार्यालय
कलङ्की, काठमाडौं

कार्यालय प्रमुख